नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन: ४२११५६१, ४२००८९४,
४२००८९५, ४२०००१४,
५९७०११२,
टोल फ्रि : ११४७

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८३/८४
च.नं. :- ६१

मिति: २०८३।०६।१४
ने.सं.११४६ ञलागा, चतुर्थी

विषयः स्थानीय पञ्जिकाधिकारीको जिम्मेवारी सम्बन्धमा।

श्री स्थानीय पञ्जिकाधिकारी,
सबै (६७४३ वडा)।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १७ को उपदफा (२) मा *"प्रत्येक गाउँपालिका वा नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कामकाज गर्न अधिकार प्राप्त कर्मचारी, विदेशस्थित नेपाली नियोगमा पञ्जीकरण सम्बन्धी कार्य गर्न तोकिएको अधिकृत तथा महानिर्देशकले तोकेका अन्य पदाधिकारीले केन्द्रीय पञ्जिकाधिकारीको मातहतमा रहने गरी स्थानीय पञ्जिकाधिकारी (रजिष्ट्रार) को रूपमा कार्य गर्नु पर्नेछ"* भन्ने स्पष्ट व्यवस्था रहेको भएतापनि केही वडा कार्यालयका प्रशासकीय प्रमुख (वडा सचिव) हरूले आफूलाई प्राप्त स्थानीय पञ्जिकाधिकारीको जिम्मेवारी मातहतका कर्मचारीलाई प्रत्यायोजन गरेको जानकारी प्राप्त हुन आएको छ। तत् सम्बन्धमा प्रचलित कानून बमोजिम स्थानीय पञ्जिकाधिकारीको जिम्मेवारी प्रत्यायोजन गर्न नसकिने भएकोले वडा कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कामकाज गर्न अधिकार प्राप्त कर्मचारी (वडा सचिव) स्वयम्ले स्थानीय पञ्जिकाधिकारीको जिम्मेवारी वहन गर्नुहुन निर्णयानुसार अनुरोध छ।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

बोधार्थः
श्री स्थानीय तहहरू, सबै (७५३ वटा): सोही बमोजिम आवश्यक सहजीकरण हुन।